## प्रेस विज्ञप्ति

भाद्र २४, २०८२

### नागरिकको अभिव्यक्ति स्वतन्त्रता र बाँच्न पाउने अधिकार संरक्षण गर, निहत्था बालबालिका तथा युवाको हत्याको तत्काल छानबिन गरी दोषीलाई कारबाही गर !

जेन-जी (Gen-Z) पुस्ताले सुशासन, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धको विरोधमा देशैभरी आयोजना गरेका शान्तिपूर्ण प्रदर्शनमा सरकारका तर्फबाट अत्यधिक बल प्रयोगका कारण हालसम्म कम्तीमा १९ जनाको मृत्यु तथा सैयौंभन्दा बढीको संख्यामा घाइते र सयौंको संख्यामा गिरफ्तारी भएको घटनाप्रति एड्भोकेसी फोरम ल्भउबपियको गम्भीर ध्यानाकर्षण भएको छ ।

सरकार र सुरक्षा निकायको यस कदमले नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR), नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR), बाल अधिकार सम्बन्धी महासन्धी, एवं कानून कार्यान्वयन निकायद्वारा बलप्रयोग सम्बन्धी आधारभूत सिद्धान्तहरूद्वारा सुनिश्चित गरेको बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार एवं सुरक्षाको अधिकार उल्लंघन गरेको छ। यससँगै, संयुक्त राष्ट्रसंघको बल प्रयोग सम्बन्धी सिद्धान्तहरू विपरीत शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार, अभिव्यक्ति तथा सभा सम्मेलन गर्न पाउने स्वतन्त्रताको उल्लंघन गर्दै बालबालिका तथा युवाहरूमाथि अत्यधिक र असमानुपातिक बल प्रयोग र अन्धाधुन्ध गोली प्रहार गर्नु निन्दनीय छ ।

अतः यस विषम् परिस्थितिको आकलन गरी सरकार र प्रदर्शनकारी जेन-जी पुस्ता दुवै संयमित भई स्थितिलाई सामान्यीकरण र शान्तिपूर्ण तथा अहिंसात्मक रूपमा आफ्नो माग तथा समस्याको सम्बोधन गर्न एड्भोकेसी फोरम-नेपाल सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।

आन्दोलनका क्रममा भएका मानव अधिकार उल्लघंनका घटना र हत्याको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानूनी कारवाही गर्न, विधिको शासन, मानवअधिकारको पूर्ण प्रत्याभूति गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता, नागरिकको जिउधनको सुरक्षा गर्दै नागरिकको बाँच्न पाउने अधिकारको संरक्षण गर्न एड्भोकेसी फोरम नेपाल जोडदार माग गर्दछ ।

अतः आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै मृतक परिवारलाई उचित क्षतिपूर्ति तथा राहत प्रदान गर्नुका साथै एड्भोकेसी फोरम नेपाल देहायको माग गर्दछ :

- बालबालिका तथा युवामाथि अत्यधिक बल प्रयोग तत्काल बन्द गर,

**Head Office:** 843/23, Lamingtan Marga, Baluwatar-4 Tel: 977-1-4425561/4432309
**Mail**: info@advocacyforum.org Fax: 977-1-4432309
URL: www.advocacyforum.org

- नागरिक आयोगमार्फत घटनाको यथाशीघ्र, स्वतन्त्र, निष्पक्ष र पारदर्शी ढङ्गले छानबिन गरी दोषीउपर फौजदारी अभियोगमा कारवाही गर,
- घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचार सुनिश्चित गर,
- घटनामा भएको मानवीय क्षति एवं अन्य अवस्थाको यथार्थ तथ्यांक वा सूचना सार्वजनिक गर,
- पक्राउ तथा हालसम्म हराएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर,
- शान्तिपूर्ण प्रदर्शन र सभा-सम्मेलन गर्ने अधिकार तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्दै युवा पुस्ताका जायज माग सम्बोधन गर ।

बिकाश बस्नेत
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम- नेपाल

**Head Office:** 843/23, Lamingtan Marga, Baluwatar-4 Tel: 977-1-4425561/4432309
**Mail**: info@advocacyforum.org Fax: 977-1-4432309
URL: www.advocacyforum.org